## एनएमबि बैंक लिमिटेडको
## छब्बीसौं वार्षिक साधारण सभाको विवरण (माईन्यूट)

१. **प्रारम्भिक :**

एनएमबि बैंक लिमिटेडको मिति २०७८/०८/१३ गते बसेको सञ्चालक समितिको ४२८औं बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम बोलाईएको छब्बीसौं वार्षिक साधारण सभा बैंकको सञ्चालक समितिका अध्यक्ष श्री पवन कुमार गोल्याणको सभापतित्वमा निम्न उल्लेखित मिति, स्थान र समयमा बसी देहायका बिषयहरु उपर छलफल गरी निम्नानुसार निर्णय भयो ।

**साधारण सभा बसेको मिति, स्थान र समय:**

मिति : २०७८ साल पौष महिना २२ गते, बिहीवार (तदनुसार ६ जनवरी २०२२)

स्थान : त्रिभुबन आर्मी अफिसर्स क्लब, टुँडिखेल, काठमाडौं ।

समय : बिहान १०:३० बजे ।

२. **उपस्थिति:**

(अ) **सञ्चालकहरू:**

| सि.नं. | सञ्चालकहरुको नाम | पद | उपस्थिति / अनुपस्थिति |
|---|---|---|---|
| (१) | श्री पवन कुमार गोल्याण | अध्यक्ष | उपस्थित |
| (२) | श्री निको पिल | सञ्चालक | अनुपस्थित |
| (३) | श्री जीवन कुमार कट्वाल | सञ्चालक | उपस्थित |
| (४) | श्री योगेन्द्र लाल प्रधान | सञ्चालक | उपस्थित |
| (५) | श्री उत्तम भ्लोन | सञ्चालक | उपस्थित |
| (६) | श्री शिरिष कुमार मुरारका | सञ्चालक | उपस्थित |

(आ) **आमन्त्रित प्रतिनिधिहरू:**

| | | |
|---|---|---|
| (१) | श्री आर्नो डि भेट | प्रतिनिधि, एफएमओ, नेदरल्याण्डस् |
| (२) | श्री शिवराज पौडेल | प्रतिनिधि, कर्मचारी सञ्चय कोष |
| (३) | श्री कमल प्रसाद निरौला | प्रतिनिधि, कम्पनी रजिष्ट्रारको कार्यालय |
| (४) | श्री हेम कुमार श्रेष्ठ | प्रतिनिधि, कानूनी सल्लाहकार |
| (५) | श्री सुजन पन्त | प्रतिनिधि, (लेखापरीक्षक - देव एशोसिएट्स) |
| (६) | श्री शंकर पाण्डे | प्रतिनिधि, (लेखापरीक्षक - केएमयू एण्ड एशोसिएट्स) |

(इ) **पदाधिकारीहरू:**

| | | | |
|---|---|---|---|
| (१) | श्री सुनिल के.सी. | – | प्रमुख कार्यकारी अधिकृत |
| (२) | श्री प्रदीप प्रधान | – | प्रमुख आन्तरिक लेखापरीक्षण |
| (३) | श्री सुदेश उपाध्याय | – | प्रमुख व्यवसाय तथा रणनीति अधिकृत |
| (४) | श्री गोविन्द घिमिरे | – | प्रमुख व्यवसाय अधिकृत |
| (५) | श्री शरद तेगी तुलाधर | – | प्रमुख नीति (जोखिम) र वातावरण तथा सामाजिक अधिकृत |
| (६) | श्री सवनम लिम्बु जोशी | – | प्रमुख सपोर्ट अधिकृत |
| (७) | श्री श्रीजेश घिमिरे | – | प्रमुख लगानी अधिकृत |



NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड

| | | | |
|---|---|---|---|
| (८) | श्री प्रमोद कुमार दाहाल | – | प्रमुख संचालन अधिकृत तथा कम्पनी सचिव |
| (९) | श्री नविन मानन्धर | – | प्रमुख जोखिम अधिकृत |
| (१०) | श्री रोशन रेग्मी | – | प्रमुख रिटेल बैंकिङ्ग |
| (११) | श्री विनय दाहाल | – | प्रमुख व्यापार तथा योजना (प्रदेश) |
| (१२) | श्री मृदुल पराजुली | – | प्रमुख लेखा तथा योजना |

(ई) **शेयरधनीहरू :**

| विवरण | संस्थापक | सर्वसाधारण | जम्मा |
|---|---|---|---|
| स्वयं तथा प्रतिनिधि मार्फत जम्मा उपस्थित शेयरधनी संख्या | २६० | ६२७ | ८८७ |

३. **सभाको सभापतित्व तथा वैधानिकता :**

वार्षिक साधारण सभा सञ्चालनको लागि कम्पनी ऐन, २०६३ मा भएको व्यवस्था अनुसार बैंकको सञ्चालक समितिका अध्यक्ष श्री पवन कुमार गोल्याणलाई सभाको सभापतित्व ग्रहण गर्न अनुरोध गरिए अनुरूप उहाँले सभाको सभापतित्व गर्नु भयो । बैंकको छब्बीसौं वार्षिक साधारण सभा शुरू हुनु अगावै कम्पनी ऐन, २०६३ को दफा ६९ मा भएको व्यवस्था अनुसार उपस्थित शेयरधनीहरूले सभाको वैधानिकता बारे यकिन गर्ने सम्बन्धमा सभाको सभापतिज्यूको आज्ञाले कम्पनी सचिव श्री प्रमोद कुमार दाहालले देहायका विवरणहरू प्रस्तुत गर्नु भयो ।

(क) **साधारण सभाको बारेमा सार्वजनिक सूचना :**

यस बैंकको छब्बीसौं वार्षिक साधारण सभा हुने मिति, स्थान, समय र छलफल हुने विषयको सूचना कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम शेयरधनीहरूको जानकारीका लागि राष्ट्रिय दैनिक पत्रिका नागरिक दैनिकमा क्रमश: मिति २०७८/०८/२७ र २०७८/०९/०६ गते गरी दुई पटक प्रकाशित गरिएको थियो । उल्लेखित साधारण सभाको सुचनाहरु प्रकाशित गर्दा कम्पनी ऐन, २०६३ को दफा ८४ को प्रयोजनार्थ आ.व. २०७७/७८ को संक्षिप्त वार्षिक आर्थिक विवरण समेत दुई पटक सोहि पत्रिकामा प्रकाशित गरिएको थियो । साथै, शेयरधनी महानुभावहरूको सुविधाको लागि संक्षिप्त वार्षिक आर्थिक विवरणका साथै वार्षिक प्रतिवेदन बैंकको वेबसाइट www.nmbbanknepal.com मा पनि राखिएको थियो ।

(**ख**) **उपस्थिति** : बैंकको साधारण सभामा शेयरधनीहरुलाई भौतिक रुपमा उपस्थि हुन अनुरोध गरिए बमोजिम शेयरधनीहरुले भौतिक रुपमा उपस्थिति जनाउनु भएको थियो । साधारण सभामा सञ्चालक समितिका हाल कायम ६ जना सदस्यहरु मध्ये ५ जना सदस्यहरुको उपस्थिति रहेको र सञ्चालक श्री निको पिल युरोपमा रहनु भएको र कोरोना महामारीका कारणले उपस्थिति हुन नसक्नु भएको ।

(ग) **गणपूरक संख्या :**

१. यस साधारण सभा प्रयोजनको लागि बैंकको शेयरधनी दर्ता पुस्तिका तथा शेयर दाखिल खारेजीको कार्य बन्द भएको मिति २०७८/०९/०७ मा कायम शेयरधनीहरूले लिएको शेयरको विवरण निम्नानुसार रहेको थियो ।

NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड

| विवरण | | संस्थापक | सर्वसाधारण | जम्मा |
|---|---|---|---|---|
| कूल संख्या | शेयरधनीहरू | ७२२ | १,६५,६४० | १,६६,३६२ |
| | शेयर | ८,३२,६२,४००.३४ | ७,९९,९७,२०८.१८ | १६,३२,५९,६०८.५२ |

कम्पनी ऐन, २०६३ को दफा ७३ बमोजिम सभा सञ्चालनको लागि आवश्यक गणपूरक संख्या (बैंकका शेयरधनीहरूको स्वयं वा प्रतिनिधि मार्फत भएको उपस्थिति एवं उपस्थित शेयरधनीहरूले ग्रहण गरेको शेयरहरूको संख्या) देहाय बमोजिम रहेको थियो ।

| उपस्थित विवरण | | संस्थापक | सर्वसाधारण | जम्मा |
|---|---|---|---|---|
| स्वयं तथा प्रतिनिधि मार्फत उपस्थित संख्या | शेयर धनी संख्या | २६० | ६२७ | ८८७ |
| | शेयर | ७,०४,३३,३२६ | १,७९,९२,९७० | ८,८४,२६,२९६ |
| उपस्थितिबाट प्रतिनिधित्व भएको प्रतिशत | शेयर | ८४.५९ | २२.४९ | ५४.१६ |

२. कम्पनी ऐन, २०६३ मा भएको व्यवस्था बमोजिम प्रकाशित गरिएको सूचनामा उल्लेखित छलफलका विषयहरू उपर छलफल गर्न आज मिति २०७८/०९/२२ मा स्वयं तथा प्रोक्सी मार्फत जम्मा ८८७ जना शेयरधनीहरूबाट यस बैंकको बाँडफाँड भएको कूल शेयर संख्याको ५४.१६ प्रतिशत प्रतिनिधित्व भएको हुँदा साधारण सभा वैधानिक भएको सभालाई जानकारी गराउनु भयो ।

४. **छलफलका विषयहरू :**

(क) **सामान्य प्रस्ताव :**

१. आर्थिक वर्ष २०७७/०७८ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने,

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७८ आषाढ मसान्तको वासलात र आ.व. २०७७/०७८ को नाफा-नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरणहरु पारित गर्ने (सहायक कम्पनीहरु एनएमबि क्यापिटल लिमिटेड र एनएमबि लघुवित्त वित्तीय संस्था लिमिटेडको एकीकृत वित्तीय विवरणहरु समेत),

३. कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा ६३ अनुसार आ.व. २०७८/०७९ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने । हालका लेखापरीक्षक देव एशोसिएट्स र केएमयु एण्ड एशोसिएट्स, चार्टर्ड एकाउण्टेन्ट्स संयुक्त रुपमा पून: नियूक्त हुनका लागि योग्य हुनुहुन्छ ।),

४. सञ्चालक समितिबाट सिफारिस भए बमोजिम हाल कायम चुक्ता पूँजी रु.१६,३२,५९,६०,८५२/६६ को ३.३० प्रतिशतका दरले हुन आउने रु.५३,८७,५६,७०८/१४ नगद लाभांश (बोनस शेयर तथा नगद लाभांशको कर प्रयोजनका लागि समेत) वितरणको लागि स्वीकृत गर्ने ।

(ख) **विशेष प्रस्ताव :**

१. बैंकको वर्तमान जारी पूंजी रु.१६,३२,५९,६०,८५२/६६ (अक्षेरेपि सोह्र अरब बत्तीस करोड उनन्साठी लाख साठी हजार आठ सय बाउन्न र पैसा छैसट्ठी मात्र) बाट वृद्धि गरी रु.१८,३६,६७,०५,९५९/२४


NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड

(अक्षेरेपि अठार अरब छत्तीस करोड सतसट्ठी लाख पाँच हजार नौ सय उनन्साठी र पैसा चौबीस मात्र) पुऱ्याउन स्वीकृति प्रदान गर्ने,

२. बैंकको जारी पूँजी वृद्धि गरिने भएकाले सो बराबर चुक्ता पूँजी पुऱ्याउन वर्तमान चुक्ता पूँजीको १२.५० (बाह्र दशमलव पाँच शुन्ना) प्रतिशतको दरले हुन आउने रकम रु.२,०४,०७,४५,१०६/५८ बराबरको बोनस शेयर जारी गर्न स्वीकृति प्रदान गर्ने,

३. बोनस शेयर जारी भए पश्चात बैंकको जारी पूँजी तथा चुक्ता पूँजी वृद्धि हुने भएकोले सोहि बमोजिम बैंकको प्रवन्धपत्रको दफा ६ (ख) र (ग) मा संशोधन गर्ने,

४. बैंकको नियमावलीको नियम ३२ को उपनियम १ को ख (१) मा संशोधन गर्ने,

५. बैंकको प्रवन्धपत्र तथा नियमावली संशोधनको क्रममा नियमनकारी निकायबाट कुनै फेरबदल, थपघट गर्न निर्देशन वा सुझाव भएमा सोही बमोजिम गर्न वा अभिलेख गर्दा गराउँदा केही सामान्य हेरफेर गर्न, संशोधन सम्बन्धी कागजात प्रमाणित गर्न, दाखिला गर्न र अभिलेख गराई लिन समेत सञ्चालक समिति वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी दिने ।

(ग) विविध ।

५. **सभाको शुभारम्भ :**

वार्षिक साधारण सभा सञ्चालनका लागि वैधानिक आवश्यकता पूरा भएकाले कम्पनी ऐन, २०६३ मा भएको व्यवस्था अनुसार बैंकको सञ्चालक समितिका अध्यक्ष तथा सभाका सभापति श्री पवन कुमार गोल्याणले उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरूलाई अभिवादन तथा स्वागत गर्दै सभाको कार्यक्रम अघि बढाउनु भयो ।

६. **वार्षिक प्रतिवेदनको प्रस्तुति :**

सभाको काम कारवाही शुरू गर्ने क्रममा सञ्चालक समितिका अध्यक्ष तथा सभाका सभापतिले आफ्नो मन्तव्य राख्दै सञ्चालक समितिको तर्फबाट सञ्चालक समितिको प्रतिवेदन तथा आ.व. २०७८/०७९ को आश्विन मसान्तसम्मको संक्षिप्त प्रगति विवरण प्रस्तुत गर्नु भयो । आफ्नो मन्तव्यको क्रममा उहाँले विदेशी संस्थाहरु IFC र CDC लगायतबाट विदेशी मुद्रामा ऋण लगानी भित्राउन सफल भएको, बैंकले डिजिटल बैंकिङ्गलाई विस्तार गर्दै नेपालमै पहिलो पटक VKYC मार्फत बैंक खाता खोल्ने सेवा सुरुवात गरेको, हालसालै बैंकले Bank of the Year Asia 2021 अवार्ड प्राप्त गरेको, बैंकले दिगो बैकिङ्गको लागि काम गरिरहेको, बैंक अगाडी बढ्नका लागि संस्थापक शेयरधनी एफएमओ, कर्मचारी संचय कोष तथा नियमनकारी निकायहरु लगायत सम्पूर्ण शेयरधनीहरुबाट प्राप्त सहयोगको ठूलो योगदान रहेको कुरा सभालाई जानकारी गराउनु भयो । सो पश्चात पुर्व निर्धारित छलफलका विषय सूची अनुसारका बुँदाहरु लगायत सञ्चालक समितिको प्रतिवेदन, लेखापरिक्षकको प्रतिवेदन, आ.व. ०७७/०७८ को वासलात, नाफा-नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाहको विवरण सहितको वार्षिक प्रतिवेदन (सहायक कम्पनीहरु समेतको एकीकृत विवरणहरु समेत) उपर साधारण सभा समक्ष आवश्यक छलफल गरी पारित गर्नका लागि अनुरोध गर्नुभयो ।

७. **छलफलको लागि आह्वान :**

साधारण सभामा निर्धारित प्रस्तावहरूको विषय-सूची उपर छलफल गर्न सक्ने व्यवस्था कम्पनी ऐनमा भए अनुरूप सभामा प्रस्तुत सञ्चालक समितिको प्रतिवेदन, लेखापरिक्षकको प्रतिवेदन सहितको वासलात, नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायत सूचनामा प्रकाशित भए बमोजिमका छलफलका विषयहरु उपर आ-आफ्नो मन्तव्य, बिचार, जिज्ञासा तथा सुझावहरू राख्न चाहाने शेयरधनी महानुभावहरूलाई सहभागी हुन सभापतिबाट अनुरोध भयो ।

८. **छलफलमा सहभागी हुने शेयरधनीहरू :**

देहायका शेयरधनी महानुभावहरूले छलफलमा सहभागि भई आ-आफ्नो विचार तथा मन्तव्य राख्नु भएको थियो ।

| | | | |
|---|---|---|---|
| क) | श्री अशोक उप्रेती | झ) | श्री उत्तम दत्त पाण्डे |
| ख) | श्री शत्रुघन श्रेष्ठ | ञ) | श्री उद्धव प्रसाद घिमिरे |
| ग) | श्री चन्द्र नारायण श्रेष्ठ | ट) | श्री गुणराज भट्ट |
| घ) | श्री भक्ति प्रसाद उप्रेती | ठ) | श्री डम्मरु बल्लभ घिमिरे |
| ङ) | श्री मेजर कुवेर श्रेष्ठ | ड) | श्री शिव प्रसाद पौडेल |
| च) | श्री आर्नो डि भेट (प्रतिनिधि एफएमओ) | ढ) | श्री कृष्ण प्रसाद अधिकारी |
| छ) | श्री ब्रम्हदेव शाक्य | ण) | श्री नरसिह लाल चखुं |
| ज) | श्री शिवराज पौडेल (प्रतिनिधि कर्मचारी सञ्चयकोष) | | - |

९. **शेयरधनीहरूबाट व्यक्त गरिएका मन्तव्य तथा सुझावहरूको संक्षिप्त विवरण :**

क) **श्री अशोक उप्रेती :** उहाँले सभालाई सम्बोधन गर्दै सभामा उपस्थित सबै महानुभावहरुलाई धन्यवाद ज्ञापन गर्दै एफएमओका प्रतिनिधिलाई स्वागत छ भन्नु भयो । आर्थिक उदारिकरणका कारण बैंक तथा वित्तीय संस्थाहरु धेरै भएता पनि बैंकमा गरिएको लगानीले भविश्यमा राम्रो प्रतिफल दिने हुँदा यसपटक दिएको लाभांश कम भयो भनि शेयर बिक्री नगर्नको लागि शेयरधनीहरुलाई सुझाव दिदै हाल कोभिडको समयमा बैंकले दिएको लाभांश स्वागत योग्य नै भएको बताउनुभयो । वार्षिक साधारणसभा शेयरधनीहरुको पर्वको दिन भएकोले कोभिडको समयमा समेत भौतिक रुपमा उपस्थित भई साधारण सभा सम्पन्न गरेकोमा धन्यवाद दिनुभयो । अझै पनि ४० प्रतिशत जनता बैंकिङ्ग सेवाको पहुँच भन्दा बाहिर रहेकोले ती जनतालाई समेट्ने गरी बैंकिङ्ग सेवा प्रदान गर्न सके बैंकको समृद्ध नेपालको नारा सफल हुने र Climate Change का लागि बैंकले सामाजिक उत्तरदायित्वको रकम छुट्याउन तथा बैंक ग्यारेण्टीमा लागानी गर्दा केही बैंकले धेरै धोका पाईसकेकाले विदेशी कम्पनीहरुलाई बैंक ग्यारेण्टी जारी गर्दा सावधानी अपनाउन सुझाव दिनुभयो । बैंकले महिला उद्यमशिलता कर्जामा रहेको ब्याजदर घटाउनको लागि सुझाव दिनुभयो । साथै, कर्मचारीहरुलाई राम्रो सुविधा दिनु पर्ने भन्दै संचालक समिति, प्रमुख कार्यकारी अधिकृत तथा सम्पूर्ण कर्मचारीहरु सक्षम रहेकोले सबैलाई बधाई दिनुभयो ।

ख) **श्री शत्रुघन श्रेष्ठ** : उहाँले सभालाई सम्बोधन गर्दै सभामा उपस्थित सबै महानुभावहरुलाई धन्यवाद ज्ञापन गर्नुभयो । यस बैंकका प्रमुख कार्यकारी अधिकृत श्री सुनिल के.सी. नेपाल बैंकर एशोसिएसनको उपाध्यक्ष हुनु भएकोमा धन्यवाद दिदै शेयरधनीहरुलाई भौतिक रुपमा उपस्थित गराई साधारण सभा आयोजना गर्नु भएकोमा धन्यवाद दिनुभयो । वर्तमान कोभिडको समयमा पनि १२.५० प्रतिशत बोनस शेयर र ३.३० प्रतिशत नगद लाभांश दिन सफल भएकोमा स्वागत योग्य रहेको र यस बैंक नेपालको बैंकिङ्ग क्षेत्रमा अग्रणी वाणिज्य बैंकको रुपमा रहेको जानकारी गराउनुभयो । बैंक अफ दी ईयर एसिया २०२१ र चार पटक बैंक अफ दी ईयर नेपाल पुरस्कार प्राप्त गर्न सफल भएकोमा धन्यवाद दिदै आगामी दिनमा बैंकको निष्कृय कर्जा र CD Ratio घटाउन सुझाव दिनुभयो । कर्जा असुली र आयकरसंग सम्बन्धित मुद्दा मामिलालाई छिटो टुङ्ग्याउन सुझाव दिनुभयो । बैंकमा योग्य कर्मचारीहरु भर्ना गर्न, तालिम प्रदान गरी कर्मचारीको दक्षता अभिवृद्धी गर्नुपर्ने कुरामा जोड दिनुभयो । कर्मचारीहरुको सेवा सुविधा वृद्धी गरी आगामी दिनमा शेयरधनीहरुलाई दिने प्रतिफल वृद्धी गर्न अनुरोध गर्नुभयो ।

ग) **श्री चन्द्र नारायण श्रेष्ठ :** उहाँले सभालाई सम्बोधन गर्दै बैंकले आर्थिक वर्ष ०७७/७८ मा रु. २ अर्ब ७१ करोड खुद मुनाफा आर्जन गरी जम्मा १५.८० प्रतिशत लाभांश वितरण गर्न सफल भएकोमा बैंक व्यवस्थापनलाई धन्यवाद दिनुभयो । शेयरधनीहरुले लगानीको निरन्तर रुपमा बढी प्रतिफलको आशा गर्ने


NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड

भएकाले शेयरधनीहरुलाई धेरै भन्दा धेरै लाभांश बितरण गर्ने गरी काम गर्नुपर्ने धारणा राख्नु भयो । बैंकको EPS कम भएकोले यसलाई बढाउन र व्यवस्थापन खर्च कम गर्न सुझाव दिनु भयो । बैंकले अर्न्तराष्ट्रिय स्तरका पुरस्कारहरु प्राप्त गर्न सफल भएकोमा धन्यवाद ज्ञापन गर्नुभयो ।

घ) **श्री भक्ति प्रसाद उप्रेती** : उहाँले सभालाई सम्बोधन गर्दै अंग्रेजी नयाँ वर्ष २०२२ र बैंकको वार्षिक साधारण सभाको सफलतको शुभकामना व्यक्त गर्नुभयो । बैंकले शेयरधनीहरुलाई १५.८० प्रतिशत लाभांश बितरण गरेको छ, लाभांश दिगो रुपले वितरण गर्न सुझाव दिनुभयो । बैंकले औषतमा अन्य बैंकहरुले भन्दा हरेक क्षेत्रमा राम्रो गरेको कुरा बताउनुभयो । बैंकका हरेक सुचकहरु राम्रा रहेको र ब्याज आम्दानी कम भए पनि खुद नाफा बृद्धी गर्न सफल भएकोमा बैंकको प्रशंसा गर्नुभयो । स्प्रेड दरलाई बढाउन र विदेशी विनिमय आय बृद्धी गरेर भए पनि नाफा बृद्धी गर्नको लागि अनुरोध गर्नुभयो । बैंकको Interest Income र Off Balance Sheet Income बढेको छ । बैंकको NPL तथा अपलेखन गरिएको कर्जा घटाउनको लागि सुझाव दिनुभयो । बैंकको सञ्चालक समितिमा महिला सञ्चालक पनि नियुक्त गर्न र बैंकको आगामी रणनीति ठूलो बैंक भन्दा पनि दिगो र स्वस्थ तथा बलियो बैंक बन्न सुझाव दिनुभयो ।

ङ) **श्री मेजर कुबेर श्रेष्ठ** : उहाँले सभालाई सम्बोधन गर्दै आफू विगतको साधारण सभामा उपस्थित हुन असमर्थ भएको हुँदा यस पटकको सभामा हृदय देखिनै मन्तव्य व्यक्त गर्ने इच्छा भएकोले आएको बताउनुभयो । बैंकले अर्न्तराष्ट्रिय स्तरको पुरस्कार बैंक अफ दी ईयर एसिया, २०२१ र बैंक अफ दी ईयर नेपाल, २०२१ प्राप्त गर्न सफल भएकोमा सबैलाई धन्यवाद दिनु भयो । अहिले बैंकले प्रस्ताव गरेको लाभांश सन्तोषजनक नै भए पनि थप लाभांश वितरण गर्न सक्ने गरी काम गर्नको लागि सुझाव दिनुभयो । साधारण सभामा शेयरधनीहरुको उपस्थिती न्यून रहेको भन्दै शेयरधनीहरुको बढी उपस्थितिको लागि आवश्यक कार्य गर्न अनुरोध गर्नुभयो । बैंकको NPL घटाउन र बढी जोखिम रहेका अनुत्पादक क्षेत्रमा लगानी नगर्न सुझाव दिनुभयो । बैंकले बिभिन्न ठाउँमा राखिएका क्यूआर कोड तथा एटिएमबाट राम्रोसँग काम नभएको गुनासाहरु सुनिएकोले बैंकबाट अनुगमन गरी समस्या समाधान गर्नको लागि अनुरोध गर्नुभयो । अर्को वर्ष बैंकको निक्षेप, ईपिएस बृद्धि गरी दिगो तथा निरन्तर लाभांश बृद्धी हुने गरी काम गर्न सुझाव दिनुभयो । बैंक सञ्चालन गर्नको लागि बैंक व्यवस्थपनको साथै कर्मचारीहरुको पनि त्यत्तीनै भुमिका रहने हुँदा कर्मचारीको जिबन निर्वाह गर्न सक्ने गरी सेवा सुविधा प्रदान गर्नुपर्ने भन्दै Voice of all Nepali, Choice of all Nepali एनएमबि बैंक बन्न सकोस भनि सफलताको शुभकामना दिनुभयो । अन्त्यमा, बैंकमा जेष्ठ नागरिकहरुले राख्ने निक्षेपमा बढी ब्याजदर प्रदान गर्न र उनीहरुको लागि छुट्टै काउण्टरको व्यवस्था गर्न अनुरोध गर्नुभयो ।

च) **श्री आर्नो डि भेट** : उहाँले सभामा सहभागी हुँदै नेपाली भाषामा मन्तव्य राख्नको लागि असमर्थ रहेको भन्दै अंग्रेजी भाषामा आफ्नो मन्तव्य तथा सुझावहरु दिनुभयो । विश्वभर महामारीको रुपमा फैलिरहेको कोभिड-१९ को अवस्थामा तथा निक्षेप तथा ब्याजदरको दबावको बावजुद पनि यस बैंकले राम्रो खुद मुनाफा आर्जन गर्न सफल भएको छ । बैंकका धेरै सुचकहरु राम्रा रहेको र नेपालको बैंकिङ्ग क्षेत्रको इतिहासमा पहिलो पटक एनएमबि बैंकले नै अर्न्तराष्ट्रिय स्तरको पुरस्कार बैंक अफ दी ईयर एसिया २०२१, प्राप्त गर्न सफल भएको र ग्रिन बण्ड जारी गर्न सफल भएको कुरा व्यक्त गर्दै बैंकको सञ्चालक समिति, व्यवस्थापन र सबै सरोकारवालाहरुलाई धन्यवाद ज्ञापन गर्नुभयो । एफएमओको तर्फबाट बैंकलाई सहयोग गर्नको लागि सधै तत्पर रहेको प्रतिवद्धता व्यक्त गर्नुभयो । Climate Change र Dizitization चुनौतीको विषय भएको कुरा उल्लेख गर्दै एनएमबि बैंकको प्रगतिको कामना गर्नुभयो । (अंग्रेजी भाषामा दिनुभएको मन्तव्यलाई नेपाली भाषामा अनुवाद गरिएको)

छ) **श्री ब्रम्हदेव शाक्य** : उहाँले सभालाई सम्बोधन गर्दै सभामा प्रवेश गर्ने क्रममा शेयरधनीहरुलाई गरिएको hospitality को मुक्तकण्ठले प्रशंसा गर्दै First Impression is the last impression हुने कुरा बताउनु भयो । सभाको प्रारम्भमा अध्यक्षज्यूले व्यक्त गर्नुभएको मन्तव्यको प्रशंसा गर्दै बैंकबाट कृषि तथा उत्पादनशिल क्षेत्र कर्जा, महिला उद्यमी कर्जा, वैदेशिक रोजगारीबाट फर्केकालाई कर्जा लगायतका कर्जाहरु प्रवाह गर्नु राम्रो

कुरा हो । बैंकले हालै अन्तर्राष्ट्रिय स्तरको पुरस्कार प्राप्त गरेको र उक्त पुरस्कार सम्पूर्ण शेयरधनीहरुप्रति समर्पित गरेकोमा धन्यवाद ज्ञापन गर्नुभयो । बैंकबाट कर्जा प्राप्त गर्नको लागि सम्पूर्ण व्यक्तिहरुमा साक्षरता नरहेकाले स्थानीय निकायहरुसँग समन्वय गरी वित्तीय साक्षरताका कार्यक्रमहरु सञ्चालन गर्न, बैंकको संस्थागत सुशासन राम्रो रहेको र सामाजिक उत्तरदायित्व अन्तर्गत ठाउँ ठाउँमा सार्वजनिक शौचालयहरु निर्माण गर्न सुझाव दिँदै अनुरोध गर्नुभयो ।

ज) **श्री शिवराज पौडेलः** उहाँले सभालाई सम्बोधन गर्दै साधारण सभाको सफलताको कामना व्यक्त गर्दै बैंकले बैंक अफ दी ईयर एसिया २०२१ लगायत धेरै किसिमका पुरस्कारहरु प्राप्त गरिरहेकोमा संचालक समिति, बैंक व्यवस्थापन तथा कर्मचारीहरुलाई धन्यवाद दिनु भयो । कर्मचारी सञ्चय कोष यस बैंकको धेरै पहिले देखिको संस्थापक शेयरधनी रहेको र यस बैंकको पूँजी बृद्धी संगसगै आफ्नो नीति बमोजिम बलियो बन्दै जाने विश्वास व्यक्त गर्नुभयो । यस बैंकको संस्थागत सुशासन राम्रो रहेकोले कर्मचारी सञ्चय कोष एनएमबि बैंकसँग शेयर स्वामित्व बृद्धी गर्न तथा विभिन्न क्षेत्रमा लगानीको सहकार्य गर्न सधै तत्पर रहेको कुरा व्यक्त गर्नुभयो ।

झ) **श्री उत्तम दत्त पाण्डे :** उहाँले सभालाई सम्बोधन गर्दै बैंकको २६ औ वार्षिक साधारण सभामा प्रस्ताव गरिएको १५.८० प्रतिशतको लाभांश राम्रो रहेको बताउनुभयो । बैंक अफ दी ईयर एसिया २०२१, अवार्ड प्राप्त गर्नु राम्रो भएको, बैंकमा जेष्ठ नागरिकहरुले राख्ने निक्षेपमा बढी ब्याजदर प्रदान गर्नसके राम्रो हुने बिचार व्यक्त गर्नुभयो । बैंकमा निक्षेप बृद्धी गर्नको लागि ठूला संस्थापक शेयरधनीहरुको भूमिका कस्तो रहेको छ भनि जिज्ञासा राख्नुभयो । बैंकले वार्षिक प्रतिवेदनमा गैर बैंकिङ्ग सम्पतिको स्पष्ट विवरण प्रस्तुत गरेकोमा धन्यबाद दिँदै जतिसक्दो छिटो गैर बैंकिङ्ग सम्पत्ति बिक्री गर्न सुभाव दिनु भयो । साथै, प्रतिवेदनमा बैंकको नाममा रहेका अन्य अचल सम्पत्तिहरुको समेत स्पष्ट विवरण उल्लेख गर्नको लागि अनुरोध गर्नुभयो । बैंकले सामाजिक उत्तरदायित्व शिर्षकमा गरेका खर्चहरु राम्रो ठाँउमा हुनुपर्ने र आगामी वर्षमा शेयरधनीहरुलाई उच्चतम प्रतिफल दिने गरी काम गर्नको लागि अनुरोध गर्नुभयो ।

ञ) **श्री उद्धव प्रसाद घिमिरेः** उहाँले सभालाई सम्बोधन गर्दै साधारण सभाको सफलताको शुभकामना सहित बिभिन्न सुझावहरु दिनुभयो । साधारण सभामा शेयरधनीको उपस्थिती न्यून देखिएको भन्दै बैंकको वासलात राम्रो रहेको र आगामी दिनमा बैंकको सम्पत्ति तथा दायित्वहरु बृद्धी गर्नका साथै लाभांश रकम बृद्धी गर्नको लागि सुझाव दिनुभयो । बैंकले अन्य ठूला बैंकसंग प्रतिष्पर्धामा जान Assets र Liability को साइज बृद्धि गर्नुपर्ने र त्यसको लागि मर्जरमा जान उपयुक्त हुने कुरा व्यक्त गर्नुभयो । बैंकको निक्षेपको लागत बढी रहेको उल्लेख गर्दै बिदेशी विनियम आम्दानी बढाउन सुभाव दिनुभयो । नियमावली तर्फ प्रस्ताव गरिएको संचालकको सुविधा संशोधन सम्बन्धी प्रस्ताव फिर्ता लिन अनुरोध गर्नुभयो । देशका दुर्गम ठाउँहरुमा समेत बैंकका शाखाहरु खोल्न र बैंक खाता खोली दस वर्षसम्म निष्क्रिय रहेका खाताहरु सम्बन्धित खातावालहरुलाई सम्पर्क गरी सक्रिय बनाउनको लागि सुझाव दिनुभयो । बैंकको वित्तीय सुचकहरु राम्रा रहेको, बैंक अफ दी ईयर एसिया २०२१ अवार्ड प्राप्त गर्नु राम्रो भएको, निक्षेप बृद्धि गर्नुपर्ने र राम्रो काम गर्ने कर्मचारीहरुलाई पुरष्कृत गर्नु पर्ने धारण राख्नुभयो ।

ट) **श्री गुणराज भट्टः** उहाँले सभालाई सम्बोधन गर्दै बैंकले सभा समक्ष प्रस्ताव गरेको लाभांश बैंकले प्रदान गर्न सक्ने क्षमता भन्दा कम भएकोले आगामी दिनमा लाभांश बृद्धी गर्नको लागि अनुरोध गर्नुभयो । बैंकले विभिन्न पुरस्कारहरु प्राप्त गर्न सफल भएकोमा धन्यवाद ज्ञापन गर्दै हरितगृह ग्यास (Green house) उत्सर्जनलाई कम गर्ने क्षेत्रमा गरिएको लगानीले प्रदुषण घटाउन सहयोग गर्ने भएकोले यस्ता लगानीलाई अझ बृद्धी गर्न सुझाव दिनुभयो । बैंकले सामाजिक उत्तरदायित्व शिर्षकमा गर्ने खर्चहरु देशका दुर्गम ठाउँमा केन्द्रित गर्न अनुरोध गर्नुभयो । नियमावली तर्फ प्रस्ताव गरिएको संचालकको सुविधा संशोधन सम्बन्धी प्रस्ताव सम्बन्धमा सभामा आवाज उठेकाले फिर्ता लिन अनुरोध गर्नुभयो । कर्मचारीहरुको क्षमता र दक्षता अभिबृद्धी गर्नको लागि तालिम तथा अन्य सुविधा बढाउन, बैंकको आइटी क्षेत्रमा थप लगानी गरी बैंकिङ्ग कारोवार सुरक्षित बनाउन अनुरोध गर्नुभयो । साधारण सभा कम खर्चमा गर्न र बैंकले आलोचित हुने काम नगर्न अनुरोध गर्दै साधारण सभाको सफलताको लागि शुभकामना प्रदान गर्नुभयो ।



NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड

ठ) **श्री डम्मरु बल्लभ घिमिरे :** उहाँले सभालाई सम्बोधन गर्दै साधारण सभाको सफलताको शुभकामना सहित विभिन्न सुझावहरु दिनुभयो । सभामा शेयरधनीको भौतिक उपस्थिती न्यून रहेको, यस बैंकका सञ्चालक समितिमा अध्यक्ष निकै अनुभवी व्यक्ति रहनुभएको र शेयरधनीहरुको आकांक्षा भनेको उच्च प्रतिफल भएकोले यसलाई निरन्तरता दिनुपर्ने कुरा व्यक्त गर्नुभयो । बार्षिक प्रतिवेदनमा नियमावली तर्फ प्रस्ताव गरिएको संचालकको सुविधा संशोधन सम्बन्धी प्रस्ताव फिर्ता लिन सुझाव दिनु भयो । बैंकले साधारण सभा हुनुभन्दा पहिला नै घर घरमा बार्षिक प्रतिवेदन पुर्‍याउन सफल भएकोमा धन्यवाद ज्ञापन गर्दै बैंकले शेयरधनीहरुसंग अन्तर्क्रिया कार्यक्रम नगरेकोमा गुनासो व्यक्त गर्नुभयो ।

ड) **श्री शिव प्रसाद पौडेल :** उहाँले सभालाई सम्बोधन गर्दै बैंकले साधारण सभामा प्रस्ताव गरेको लाभांश राम्रो रहेको बताउनुभयो । बैंकले दिने नगद लाभांश छिटो भन्दा छिटो शेयरधनीहरुको खातामा जम्मा गर्ने र बोनस शेयर छिटो भन्दा छिटो कारोबार गर्नको लागि सूचीकरण गर्ने व्यवस्था गर्न अनुरोध गर्नुभयो । बैंकको सञ्चालक समितिमा महिला सञ्चालकको नियुक्ती गर्नको लागि सुझाव दिनुहुदै बैंकमा बिदेशी साझेदार शेयरधनीहरुसंगको सम्बन्ध र लगानी भित्र्याउने सम्बन्धमा कस्तो अवस्था छ भनि जिज्ञासा राख्नुभयो । बैंकले सामाजिक उत्तरदायित्वका शिर्षकमा गर्ने खर्चहरुलाई देशका दुर्गम ठाउँमा केन्द्रित गर्न र नगदमा बितरण नगर्नको लागि सुझाव दिनुभयो ।

ढ) **श्री कृष्ण प्रसाद अधिकारी** : उहाँले आफ्नो राय तथा सुझावहरु लिखित रुपमा पेश गर्दै बैंकले दिएको १५.८०% को लाभांश राम्रो रहेको, शेयरधनीहरुलाई घर घरमा बार्षिक प्रतिवेदन उपलब्ध गराएर उदाहरणीय कार्य गरेको, बैंकले २०७८ मा गृन डील अफ दी ईयर २०२१, बैंक अफ दी ईयर एसिया २०२१ र बैंक अफ दी ईयर नेपाल २०२१ लगायतका पुरस्कारहरु प्राप्त गरेको, बैंकको निस्कृय कर्जा २.२७ बाट घटाउनु पर्ने, बैंकको बोनस दर बढाउँदै जानु पर्ने, लेखापरीक्षकले लेखापरीक्षकको प्रतिवेदन नेपाली भाषामा दिने, बैंकले दिनमा दुगुना र रातमा चौगुना प्रगति गर्दै जाओस भन्दै आफ्नो सुझाव दिनुभयो ।

(ण) **श्री नरसिंह लाल चखूँ :** उहाँले आफ्नो राय तथा सुझावहरु लिखित रुपमा पेश गर्दै बार्षिक प्रतिवेदनको परफरमेन्स सकारात्मक एवं प्रगतिपथमा लम्किएको, जगेडमा कोष एवं NII Ratio विगतभन्दा बढेको सकारात्मक पक्ष हो । Impairment Charge र LLP घटेको छ, Writte back, Loan recovery मा सुधार देखिन्छ । आम्दानीका शिर्षक, आम्दानीका पक्ष मजबुत बनाउन व्यवस्थापन सचेत देखिन्छ । EPS मा समेत सुधारको क्रम देखिएको छ । कर्जा सापटीमा व्याज आम्दानी बढाउनुपर्छ । Loan र Total assets मा Net profit बढेकाले ROA, ROI मा सुधार भएको मान्नु पर्छ । NPL लाई कम गर्नुपर्छ र १ प्रतिशत भन्दा तल ल्याउनु पर्छ । CD ratio लाई ९० प्रतिशत भित्रको दायरामा ल्याउनु पर्छ । एसियाकै सर्वोत्कृष्ट बैंक बन्न सफल भएकोमा बधाई छ, अझ सफलताको शिखर चढ्न सकोस । ने.रा. बैंकको बर्तमान नीति र निर्देशनलाई मनन गरी बैंकको नीति र योजनामा आवश्यक परिमार्जन गर्नुपर्छ । शाखाहरुको स्तरलाई सुधार गर्दै लानु पर्ने, HR motivation मा ध्यान दिनुपर्ने लगायतका सुझावहरु लिखित रुपमा दिंदै बैंकको उत्तरोउत्तर प्रगतीको कामना गर्नु भयो ।

१०. **शेयरधनीहरूको मन्तव्य र जिज्ञासा उपर सञ्चालक समितिका तर्फबाट प्रतिक्रिया तथा नीतिगत जवाफ :**

**सञ्चालक समितिका अध्यक्ष तथा सभाका सभापतिले शेयरधनीहरूबाट आएको जिज्ञासाहरूका सम्बन्धमा दिनु भएको जवाफ :**

सभाका सभापतिले शेयरधनीले राख्नुभएका जिज्ञासाको जवाफ दिने क्रममा बिषेश प्रस्तावको रुपमा पेश भएको बुँदा नं. ४ को नियमावली तर्फको संशोधनका सम्बन्धमा शेयरधनीहरुबाट सो प्रस्ताव फिर्ता लिन अनुरोध भए अनुसार हाललाई प्रस्ताव फिर्ता लिने जानकारी गराउनु भयो । सभास्थलको सम्बन्धमा सम्पूर्ण शेयरधनीहरुको सुविधाको लागि यस ठाँउमा साधारण सभा आयोजना गरिएको र शेयरधनीहरुलाई यस ठाउँ असहज भएको भए आगामी दिनमा अन्य ठाउँमा गर्न सकिने तर उपत्यकाको काठमाडौं बाहेकका अन्य जिल्लाभित्र साधारण

सभा आयोजना गर्दा कम्पनीको रजिष्टर्ड कार्यालय रहेको जिल्ला भन्दा बाहिर भयो भनि नभनी दिनु हुन अनुरोध गर्नुभयो । बैंकको सञ्चालक समितिमा महिला सदस्य नियुक्तीका सम्बन्धमा उपयुक्त व्यक्तिको खोजी भईरहेको जानकारी गराउनु भयो । मर्जरका सम्बन्धमा राम्रो पार्टनर पाए संभावना रहेको तर हाल मर्जरको आवश्यकता नरहेको व्यहोरा व्यक्त गर्नुभयो ।

**सञ्चालक समितिका अध्यक्ष तथा सभाका सभापतिको आज्ञाले प्रमुख कार्यकारी अधिकृत श्री सुनिल के.सी. ले शेयरधनीहरूबाट आएको जिज्ञासाहरूका सम्बन्धमा दिनु भएको जवाफ तथा आफ्नो मन्तव्य :**

शेयरधनीहरुबाट उठेका प्रश्न तथा गुनासाहरुका सम्बन्धमा जवाफ दिदै बैंकका प्रमुख कार्यकारी अधिकृतले शेयरधनीहरुबाट आएको सुझावहरु प्रति आभार व्यक्त गर्दै यहाँहरुले हामीहरुको कमी कमजोरी औंल्याई दिनु भएको छ सोमा आवश्यक सुधारको लागि प्रतिबद्ध रहेको कुरा जानकारी गराउनुभयो ।

नेपालको बैंकिङ्ग इतिहासमा पहिलो पटक यस बैंकले बैंक अफ दी ईयर एसिया २०२१ को अवार्ड प्राप्त गर्न सफल भएको छ यस अवार्डलाई हामी सम्पूर्ण शेयरधनीहरुलाई समर्पित गर्न चाहन्छौ भन्नुभयो । हामीहरु अन्य बैंकहरुभन्दा फरक ढङ्गबाट अघि बढिरहेको र शेयरधनीहरुको सहयोगले मात्र बैंकले बिभिन्न पुरस्कारहरु प्राप्त गर्न सफल भएको कुरा बताउनु भयो ।

संस्थागत सुशासन र बैंक जमानत सम्बन्धमा:
बैंकमा संस्थागत सुसाशन राम्रो रहेको, संचालक समितिको स्पष्ट vision तथा strategy रहेको र व्यवस्थापनलाई पूर्ण सहयोग रहेको छ । बैंकले अर्न्तराष्ट्रिय बैंकहरुको जमानतमा बैंक जमानत जारी गरेको र पूर्वाधार विकास निर्माण कार्यमा बैंक जमानत आवश्यक भएकोले यसलाई बैंकले परियोजना विश्लेषण गरेर मात्र जारी गर्ने गरेकोले जारी भएका बैंक जमानतहरु सुरक्षित रहेको कुरा बताउनुभयो ।

लाभांश, CD Ratio र निक्षेप सम्बन्धमा:
कोभिडको अवस्थामा पनि बैंकले प्रस्ताव गरेको लाभांश राम्रो रहेको, बैंकलाई दिगो रुपमा अगाडी बढाउन चाहेको, बिगत ५ वर्षको लाभांश वितरण औपतमा २३ प्रतिशत रहेको र नेपालको बाणिज्य बैंकहरुको औपतको तुलनामा राम्रो रहेको बताउनुभयो । नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम CD Ratio आगामी आषाढ मसान्तमा ९० प्रतिशत भित्र कायम गर्नुपर्ने व्यवस्था रहे बमोजिम सोही अनुरुप कायम रहने, हाल बैंकमा तरलता राम्रै रहेको र बैंकमा स्वदेशी निक्षेपको अनुपात सोचे अनुरुप रहेको तथा बिदेशबाट समेत बिभिन्न संस्थाबाट बिदेशी मुद्रामा रकम भित्र्याउन सफल रहेको कुरा बताउनुभयो ।

ब्याज आम्दानी, स्प्रेड दर र NPL सम्बन्धमा:
बैंकको समग्रमा ब्याज आम्दानी राम्रो रहेको र नियमनकारी निकायको निर्देशन बमोजिम कोभिडबाट समस्याग्रस्त ऋणीहरुलाई ब्याजमा छुट प्रदान गर्दा तथा ब्याजदरको spread rate परिवर्तनको कारणले गर्दा ब्याज आम्दानीमा कमी आएको र आगामी दिनमा बृद्धी गर्दै लैजाने कुरा बताउनुभयो । बैंकले बिगतमा गरेका मर्जर तथा एक्वीजिशनका कारण बैंकको NPL केही बढी देखिएता पनि गत त्रयमास सम्ममा घटेर १.८५% मा आएको बताउनु भयो ।

जलविद्युतमा लगानी र जेष्ठ नागरिकको निक्षेपमा ब्याज सम्बन्धमा:
बैंकमा जलविद्युतमा लगानी गर्नको लागि सक्षम व्यवस्थापन रहेको र नेपालको भविष्य पनि जलविद्युतमा रहेकोले जलविद्युतमा लगानी गर्दा सावधानी अपनाई project analysis गरेर मात्र लगानी गरिएको जानकारी गराउनुभयो । १-२ बटा जलविद्युत परियोजना बाहेक जलविद्युतमा गरिएको लगानी राम्रो रहेको र बैंकले जलविद्युत बाहेक उर्जाको अन्य क्षेत्रमा पनि लगानी गरेको कुरा बताउनुभयो । जेष्ठ नागरिकले बैंकमा राखेको निक्षेपमा बढी ब्याजदर प्रदान गर्दा राम्रो हुने भएता पनि नियमनकारी निकायको निर्देशनहरुले गर्दा बढी ब्याजदर प्रदान गर्न नसकिएको कुरा बताउनुभयो ।

औषतमा बैंकको QR Code धेरै राम्रो रहेको र यसमा थप काम भैरहेको बताउनुभयो । सूचना प्रविधिको क्षेत्रमा यस बैंक ISO प्रमाण पत्र प्राप्त गर्न सफल बैंक रहेकोले सुरक्षित कारोबार गर्न सक्षम रहेको जानकारी गराउनु भयो ।

NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड

FMO बैंकको सबैभन्दा ठूलो शेयरधनी रहेको र FMO ले गर्दा नै यस बैंक अन्तर्राष्ट्रिय स्तरमा परिचित हुन सफल भएकोले विदेशी संस्थाहरुबाट विदेशी मुद्रामा लगानी/ऋण भित्र्याउन तथा अन्तराष्ट्रिय अवार्डहरु समेत प्राप्त गर्न सफल भएको व्यहोरा जानकारी गराउनुभयो ।

११. **सभाबाट पारित प्रस्तावहरू :**

साधारण सभामा पूर्व सूचित छलफलका बिषयहरूमा छलफल गरी पारित गर्न सभापतिको आज्ञाले बैंकका कम्पनी सचिवले क्रमानुसार राख्नु भएको देहायका प्रस्तावहरू उपर सभाका शेयरधनीहरूले सर्वसम्मतिबाट देहाय बमोजिमको प्रस्तावहरू पारित गर्नुभयो ।

(क) **सामान्य प्रस्तावतर्फ :**

१. छब्बीसौं बार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट सञ्चालक समितिका अध्यक्ष श्री पवन कुमार गोल्याणले पेश गर्नु भएको आ.ब. २०७७/०७८ को सञ्चालक समितिको बार्षिक प्रतिवेदन सभाबाट पारित गर्ने सर्वसम्मतिबाट निर्णय भयो ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७८ आषाढ मसान्तको वासलात र आ.ब. २०७७/०७८ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह बिवरण लगायतका बार्षिक वित्तीय बिवरणहरु (सहायक कम्पनीहरु एनएमबि क्यापिटल लिमिटेड र एनएमबि लघुवित्त वित्तीय संस्था लिमिटेडको एकीकृत वित्तीय बिवरणहरु समेत) सभाबाट पारित गर्ने सर्वसम्मतिबाट निर्णय भयो ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ अनुसार आ.ब.२०७८/०७९ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने सम्बन्धमा लेखापरीक्षण समितिबाट सिफारिस भए अनुसार हालका लेखापरीक्षक देव एशोसिएट्स र केएमयु एण्ड एशोसिएट्स, चार्टर्ड एकाउण्टेन्ट्सलाई संयुक्त रुपमा लेखापरीक्षकमा रू.२१,००,०००/- (अक्षेरुपी एक्काईस लाख मात्र) (मूल्य अभिबृद्धि कर समेत) पारिश्रमिक प्रदान गर्ने गरी नियुक्त गर्ने सर्वसम्मतिबाट निर्णय भयो ।

४. सञ्चालक समितिबाट सिफारिस भए बमोजिम हाल कायम चुक्ता पूंजी रु.१६,३२,५९,६०,८५२/६६ को ३.३० प्रतिशतका दरले हुन आउने रु.५३,८७,५६,७०८/१४ नगद लाभांश (बोनस शेयर तथा नगद लाभांशको कर प्रयोजनका लागि समेत) वितरणको लागि स्वीकृती प्रदान गर्ने सर्बसम्मतिबाट निर्णय भयो ।

(ख) **विशेष प्रस्ताव :**

१. बैंकको वर्तमान जारी पूंजी रु.१६,३२,५९,६०,८५२/६६ (अक्षेरुपि सोह्र अरब बत्तीस करोड उनन्साठी लाख साठी हजार आठ सय बाउन्न र पैसा छैसट्ठी मात्र) बाट बृद्धि गरी रु.१८,३६,६७,०५,९५९/२४ (अक्षेरुपि अठार अरब छत्तीस करोड सतसट्ठी लाख पाँच हजार नौ सय उनन्साठी र पैसा चौबीस मात्र) पुर्‍याउन स्वीकृति प्रदान गर्ने सर्वसम्मतिबाट निर्णय भयो ।

२. बैंकको जारी पूंजी बृद्धि गरिने भएकाले सो बराबर चुक्ता पूंजी पुर्‍याउन वर्तमान चुक्ता पूंजीको १२.५० (बाह्र दशमलव पाँच शुन्य) प्रतिशतको दरले हुन आउने रकम रु.२,०४,०७,४५,१०६/५८ बराबरको बोनस शेयर जारी गर्न स्वीकृती प्रदान गर्ने सर्वसम्मतिबाट निर्णय भयो ।

३. बोनस शेयर जारी भए पश्चात बैंकको जारी पूंजी तथा चुक्ता पूंजी बृद्धि हुने भएकोले देहाय बमोजिम बैंकको प्रवन्धपत्रको दफा ६ (ख) र (ग) मा संशोधन गर्ने सर्वसम्मतिबाट निर्णय गरियो :

(अ) प्रवन्धपत्रको दफा ६ (ख) मा हाल रहेको "बैंकको जारी पूंजी रु.१६,३२,५९,६०,८५२/६६ (अक्षेरुपि सोह्र अरब बत्तीस करोड उनन्साठी लाख साठी हजार आठ सय बाउन्न र पैसा छैसट्ठी मात्र) हुनेछ । सो पूंजीलाई प्रतिशेयर रु.१००/- दरका १६,३२,५९,६०८.५२ (अक्षेरुपी सोह्र करोड बत्तीस लाख उनन्साठी हजार छ सय आठ दशमलव पाँच दुई) थान शेयरमा बिभाजन गरिएको छ ।" भन्ने व्यवस्थालाई संशोधन



NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड

गरि "बैंकको जारी पूँजी रु.१८,३६,६७,०५,९५९/२४ (अक्षेरेपि अठार अरब छत्तीस करोड सतसट्ठी लाख पाँच हजार नौ सय उनन्साठी र पैसा चौबीस मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु.१००/- दरका १८,३६,६७,०५९.५९ (अक्षेरेपी अठार करोड छतीस लाख सतसट्ठी हजार उनन्साठी दशमलव पाँच नौ) थान शेयरमा विभाजन गरिएको छ ।" भन्ने व्यवस्था कायम गर्ने ।

(आ) प्रबन्धपत्रको दफा ६ (ग) मा हाल रहेको "बैंकको चुक्ता पूँजी रु.१६,३२,५९,६०,८५२/६६ (अक्षेरेपि सोह्र अरब बत्तीस करोड उनन्साठी लाख साठी हजार आठ सय बाउन्न र पैसा छैसट्ठी मात्र) हुनेछ ।" भन्ने व्यवस्थालाई संशोधन गरि "बैंकको चुक्ता पूँजी रु.१८,३६,६७,०५,९५९/२४ (अक्षेरेपि अठार अरब छत्तीस करोड सतसट्ठी लाख पाँच हजार नौ सय उनन्साठी र पैसा चौबीस मात्र) हुनेछ ।" भन्ने व्यवस्था कायम गर्ने ।

४. बैंकको नियमावलीको नियम ३२ को उपनियम १ को ख (१) मा संशोधन गर्ने प्रस्ताव सम्बन्धमा सभामा छलफल हुँदा हाललाई प्रस्ताव बमोजिमको नियमावली संशोधनको विषय स्थगन गर्ने निर्णय गरियो ।

५. बैंकको प्रवन्धपत्र तथा नियमावली संशोधनको क्रममा नियमनकारी निकायबाट कुनै फेरबदल, थपघट गर्न निर्देशन वा सुझाव भएमा सोही बमोजिम गर्न वा अभिलेख गर्दा गराउँदा केही सामान्य हेरफेर गर्न, संशोधन सम्बन्धी कागजात प्रमाणित गर्न, दाखिला गर्न र अभिलेख गराई लिन समेत सञ्चालक समिति वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी दिने सर्वसम्मतिबाट निर्णय भयो ।

(ग) **विविध:** विविध तर्फ छलफलको विषय नभएको ।

१२. <u>धन्यवाद ज्ञापन :</u>

आजको साधारण सभा सौहाद्रपूर्ण वातावरणमा शान्तिपूर्वक सम्पन्न भएकाले उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरू, सञ्चालक समितिका सदस्यहरु, विभिन्न संघ संस्थाका प्रतिनिधिहरु, पर्यवेक्षक, बैंकका कर्मचारी, पत्रकार लगायत अन्य उपस्थित सम्पुर्ण महानुभावहरूलाई समेत यस बैंकको छब्बीसौं वार्षिक साधारण सभा सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्नु भएकोमा सभाका सभापतिले हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो

१३. <u>सभा विसर्जन :</u>

छब्बीसौं वार्षिक साधारण सभामा समावेश गरिएका विषय सूची अन्तर्गतका विषयहरू उपर छलफल गरि निर्णय भैसकेकाले सम्पूर्ण उपस्थित महानुभावहरुलाई सभा सफलतापूर्वक सम्पन्न गरिदिनु भएकोमा बधाई ज्ञापन गर्दै बैंकका सञ्चालक समितिका अध्यक्ष तथा यस साधारण सभाका सभापति श्री पवन कुमार गोल्याणले सभा दिनको १:५५ बजे समापन भएको घोषणा गर्नुभयो ।

प्रमोद कुमार दाहाल
कम्पनी सचिव

NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड

पवन कुमार गोल्याण
अध्यक्ष